Reg. No. 681 SWC Aff. No. 15556

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागिः

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

च.नं. ११०६/०६७-६८ केन्द्रीय कार्यालय, धनगढी, कैलाली मिति : २०६७।९।२९

"छुवाछुत बिनाको अर्को नेपाल संभव छ, आउनुहोस् निर्माण गरौं" "Another Nepal Without Untouchability is Possible ! Let us Build It !!"

## *प्रेश विज्ञप्ती*

सुदुर पशिचमाञ्चल बिकास क्षेत्र राज्यको केन्द्रीकृत शासन प्रणालीका कारणले गर्दा बर्षौदेखि आर्थिक, राजतितिक, सामाजीक, साँस्कृतिक हिसाबले पछाडी पर्न गएको कुरा सबै सामु छर्लङ्ग छ । यस भित्र पनि दलित समुदायहरु छुवाछुत तथा भेदभावबाट पिडित छन् । समग्रमा भन्नुपर्दा दलित समुदाय राजनितिक रुपले असमावेशीकरण , आर्थिक रुपमा चरम गरिबी भूमिहिन हलिया खलिया डोली प्रथा तथा सामाजीक साँस्कृतिक हिसाबले अपमानजनक जिवन विताउन बाध्य छन । हालसम्म सुदुर तथा मध्य पश्चिमाञ्चल बिकास क्षेत्रका १५ वटा जिल्लाहरुमा ३५,००० हलियाहरु रहेको बिभीन्न समयमा गरिएको सर्वेक्षणले देखाएको छ । दलित तथा हलियाहरुको अधिकार स्थापना गर्नका लागी दलित अधिकार, मानव अधिकार र भूमि अधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालले बिगत लामो समयदेखि अभियान संचालन गर्दै आएको कुरा सगौरव जानकारी गराईन्छ ।

सुदुर तथा मध्य पश्चिमाञ्चल बिकास क्षेत्रमा रहेका हलियाहरु स्थानिय स्तरबाट जागरुक भए पश्चात उनीहरुलाई संगठित तथा परिचालनमा सहजीकरण गरी गरिएको २१ दिने लामो राजधानीः केन्द्रीत आन्दोलनबाट २०६५ भाद्र २१ गते नेपाल सरकारले हलिया मुक्तिको घोषणा गर्‍यो । तर बिडम्बना हलियाहरुको हाल सम्म पनि सरकारले पुनर्स्थापना गर्ने खालको कुनै योजना तय गर्न नसकेकोले उनीहरुको जनजिविकाको सवाल धरापमा पर्न गएको छ । यसै सन्दर्भलाई मध्यनजर गर्दै बर्षौ देखि दास प्रथाको अवशेषको रुपमा जिवन विताउन बाध्य हलियाहरुको साँचो अर्थमा न्यायीक पूनर्स्थापना सहितको मुक्ति, उनीहरुको वैकल्पीक रोजगारको व्यवस्था, हलिया मुक्तिको स्पष्ट कानुनी ब्यवस्था र उक्त कुरालाई अनुगमन तथा मुल्याङ्कन गर्ने प्रभावकारी संयन्त्रको निर्माण सहित ४ वटा माग राखि राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालका केन्द्रीय अध्यक्ष गणेश बि.क., अधिवक्ता गम्भीर सिंह ऐर , मूक्त, हलिया डम्बर सिं टमटा र धन बहादुर लुहारको नामबाट न्यायीक पुनर्स्थापना सहितको साँचो मुक्तिका लागी सर्वोच्च अदालतमा आज मिति २०६७ पौष २९ गते दर्ता नं).०६४५ मा सार्वजनीक सरोकारको रीट दर्ता गरिएको कुरा जानकारी गराईन्छ । यस अभियानमा सम्पुर्ण सरोकारवालाहरु, राजनितिक दलहरु, नागरिक समाज, बुद्धीजिवी, वकिल, पत्रकार, मानव अधिकारकर्मीहरुलाई सहयोग समेत गरि दिनका लागी हार्दिक अपिल गर्दछौं ।

गणेश बि.के.
केन्द्रीय अध्यक्ष

RDN Nepal Central Office, Dhangadhi, Kailali, Nepal, Tel: 091-520604, Fax: 091-526393
Liaison Office: Anamnagar, Kathmandu, Nepal, Tel: 977-1-4244801
E-mail: rdnnepal@gmail.com/rdnnepal@rdnnepal.org.np, http://www.rdnnepal.org.np